विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः कर्मचारी सञ्चय कोष (दशौं संशोधन) विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. हर्क राज राई मा. पूर्ण प्रसाद लिम्बु
२.	मा. परशुराम तामाङ्ग
३.	मा. लिमा अधिकारी (आचार्य)
४.	मा. हरि प्रसाद भुसाल
५.	मा. रन्जु न्यौपाने
६.	मा. प्रा. डा. पुष्पराज कडेल
७.	मा. नरेन्द्र कुमार केरुङ मा. शाहजान खातुन
८.	मा. खडक बहादुर वुढा मा. रेखा कुमारी यादव
९.	मा. मनिष झा
१०.	मा. सुशील खड्का

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
११.	मा. साजिदा खातुन सिद्धिकी
१२.	मा. नितिमा भण्डारी (कार्की)
१३.	मा. गणेश कार्की
१४.	मा. एशुदा कुमारी बराल
१५.	मा. गुरु प्रसाद बराल
१६.	मा. कमल सुबेदी
१७.	मा. क्रान्तिशिखा धिताल

संशोधनको विवरणः

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१.	मा. हरि प्रसाद भुसाल	३	**मूल ऐनको दफा २ को खण्ड (ख) को स्पष्टीकरण खण्डमा रहेका,** - "स्थायी कर्मचारी" भन्ने शब्दहरूपछि "अस्थायी वा करार सेवामा नियुक्त भई लगातार कम्तीमा एक वर्ष वा सोभन्दा बढी अवधि सेवा गर्ने कर्मचारी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
२.	मा. कमल सुबेदी	३	**मूल ऐनको दफा २ मा देहायका खण्डहरू थप गर्नुपर्नेः-** "(थ) "**सञ्चयकर्ता**" भन्नाले यस ऐन बमोजिम कोषमा रकम जम्मा गर्ने कर्मचारी, श्रमिक, स्वरोजगारमा संलग्न व्यक्ति वा अन्य योगदानकर्ता सम्झनुपर्छ। (द) "**लगानी नीति**" भन्नाले कोषको रकम लगानी गर्ने क्षेत्र, सीमा, जोखिम, प्रतिफल, तरलता, विविधीकरण, दीर्घकालीन दायित्व तथा लगानीबाट हुने जोखिम व्यवस्थापनसम्बन्धी नीति सम्झनुपर्छ।"
३.	मा. हर्क राज राई मा. पूर्ण प्रसाद लिम्बु	५	**मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्नेः-** "(६) सञ्चालकले समितिको बैठकमा भाग लिएबापत पाउने बैठक भत्ता दैनिक रु. ५००/- देखि रु. १०००/- सम्म हुनेछ।"
४.	मा. परशुराम तामाङ्ग	५	**मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नुपर्नेः-** "(घ) कोषको कार्यकारी अधिकृत -सञ्चालक"
५.	मा. लिमा अधिकारी (आचार्य)	५	**मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्नेः-**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(ख) नेपाल सरकारको विभिन्न सेवाबाट नेपाल सरकारले मनोनीत गरेका कम्तीमा एक महिलासहित तीनजना -सञ्चालक" **मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखुपर्नेः-** "(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम मनोनीत सञ्चालकलाई नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछ। तर नेपाल सरकारले यसरी पदमुक्त गर्नु भन्दा अगि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेस गर्ने उचित अवसरबाट वञ्चित गरिने छैन।"
६.	मा. रन्जु न्यौपाने	५	**मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्नेः-** "(१) कोषमा कम्तीमा ३ जना महिलासहित सातजना सञ्चालक भएको एउटा सञ्चालक समिति रहनेछ।"
७.	मा. प्रा. डा. पुष्पराज कडेल	५	**मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नुपर्नेः-** "(क) नेपाल सरकारबाट मनोनीत, वित्त, लगानी, लेखा, जोखिम व्यवस्थापन वा सामाजिक सुरक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको सम्बन्धित अनुभव भएको व्यक्तिमध्येबाट मनोनीत अधिकृत -अध्यक्ष" **मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (२) मा देहायका खण्ड थप गर्नुपर्नेः-**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(ङ) सञ्चयकर्ताको हित प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना स्वतन्त्र विज्ञ -सदस्य" (च) एक जना सञ्चयकर्ता प्रतिनिधि -सदस्य" **मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ मा देहायको उपदफा थप गर्नुपर्ने:-** "(८) अध्यक्ष तथा सञ्चालक नियुक्त/मनोनीत गर्दा सम्बन्धित पदका लागि आवश्यक योग्यता, अनुभव, व्यावसायिक दक्षता, स्वार्थको द्वन्द्व नभएको अवस्था र सञ्चयकर्ताको हितप्रतिको प्रतिबद्धता अनिवार्य हुनेछ।" **मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्ने:-** "(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम मनोनीत सञ्चालकलाई निजले पदीय कर्तव्य पालनामा कमजोरी गरेको, कार्यसम्पादनमा असमर्थ रहेको वा नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहर भएको अवस्थामा बाहेक निजको कार्यावधि पूरा नहुँदै नेपाल सरकारले हटाउन सक्ने छैन।"
८.	मा. नरेन्द्र कुमार केरुङ मा. शाहजान खातुन	५	**मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (२) को खण्ड (क) मा रहेका,** - "नेपाल निजामती सेवाका" भन्ने शब्दहरूपछि "कम्तीमा दुईवर्ष अनुभव भएका" भन्ने शब्दहरू थप गर्नुपर्ने।
९.	मा. मनिष झा	५	**मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (२) को खण्ड (ख) मा रहेको,**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "तीनजना" भन्ने शब्दको सट्टा "एकजना" भन्ने शब्द राख्नुपर्ने। **<u>मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गर्नुपर्ने</u>**:- "(ङ) सञ्चयकर्ता कर्मचारी मध्येबाट निर्वाचित वा सम्बन्धित मान्यताप्राप्त कर्मचारी संगठन/महासंघको सिफारिसमा नेपाल सरकारले मनोनयन गरेको दुईजना प्रतिनिधि -सञ्चालक।" **<u>मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (५) मा रहेका,</u>** - "जुनसुकै बखत हटाउन सक्नेछ" भन्ने शब्दहरूका सट्टा "नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको, कर्तव्य पालनामा गम्भीर लापर्वाही वा आर्थिक अनियमितता गरेको प्रमाणित भएको वा लगातार तीन पटकसम्म बिना सूचना बैठकमा अनुपस्थित रहेको अवस्थामा मात्र सफाइ पेस गर्ने मनासिब मौका दिई नेपाल सरकारले हटाउन सक्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
१०.	मा. सुशील खड्का	५	**<u>मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>**:- "(४) प्रशासकबाहेक अन्य सञ्चालकको कार्यावधि तीन वर्षको हुनेछ र अवधि समाप्त भएपछि निजहरूको कार्यक्षमताको आधारमा थप तीन वर्षको अवधिका लागि पुनः एक पटक मनोनीत हुन सक्नेछन्।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
११.	मा. साजिदा खातुन सिद्धिकी	५	**<u>मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (४) मा रहेका,</u>** - "तीन वर्षको हुनेछ" भन्ने शब्दहरूका सट्टा "दुई वर्षको हुनेछ" भन्ने शब्दहरू राखुपर्ने।
१२.	मा. नितिमा भण्डारी (कार्की)	५	**<u>मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखुपर्ने</u>:-** "(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम मनोनीत सञ्चालकले पदीय जिम्मेवारी पूरा नगरेमा, दफा ५ बमोजिम अयोग्य भएमा, खराब आचरण गरेमा वा निजमा कार्यक्षमताको अभाव भएमा नेपाल सरकारले निजलाई पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अगि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।"
१३.	मा. गणेश कार्की	५	**<u>मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखुपर्ने</u>:-** "(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम मनोनीत सञ्चालकलाई नेपाल सरकारले कारण खुलाई स्पष्टीकरणको अवसर प्रदान गरी जुनसुकै बखत हटाउन सक्नेछ।"
१४.	मा. एशुदा कुमारी बराल	५	**<u>मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्ने</u>:-** "(१) कोषमा एक जना महिलासहित सातजना सञ्चालक भएको एउटा सञ्चालक समिति रहनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१५.	मा. कमल सुबेदी	५	<u>मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थप गर्नुपर्ने</u>ः- "(२क) सञ्चालक समितिमा कम्तीमा एक जना सञ्चयकर्ता वा योगदानकर्ताको प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने छ। त्यस्तो प्रतिनिधि नियुक्तिको प्रक्रिया समावेशी, पारदर्शी र तोकिएबमोजिम हुनेछ।" <u>मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (४) पछि देहायको उपदफा (४क) थप गर्नुपर्ने</u>ः- "(४क) सञ्चालक समितिका सदस्य नियुक्त गर्दा वित्त, लगानी, जोखिम व्यवस्थापन, सामाजिक सुरक्षा, लेखा, कानुन वा अर्थशास्त्रसम्बन्धी आवश्यक दक्षता र अनुभव भएको व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।"
१६.	मा. क्रान्तिशिखा धिताल	५	<u>मूल ऐनको दफा ४ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ४ को उपदफा (५) मा रहेका,</u> - "जुनसुकै बखत हटाउन सक्नेछ।" भन्ने शब्दहरूका सट्टा "कानुनबमोजिम तोकिएको आधारमा, सम्बन्धित सञ्चालकलाई सफाइको उचित अवसर प्रदान गरी मात्र पदबाट हटाउन सकिने छ।" भन्ने शब्दहरू राख्नुपर्ने।
१७.	मा. लिमा अधिकारी (आचार्य)	६	<u>विधेयकको दफा ६,</u> - झिकी दफाक्रम मिलाउनुपर्ने।
१८.	मा. हर्क राज राई मा. पूर्ण प्रसाद लिम्बु	८	<u>मूल ऐनको दफा ६क. को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) मा रहेका,</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "निजलाई नेपाल सरकारले जुनसुकै बेला हटाउन सक्नेछ" भन्ने शब्दहरूका सट्टा "इमानदारीपूर्वक काम गर्न नसकेमा या कानुन विपरीत व्यवहार गरेमा जानकारी दिएर हटाउन सक्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
१९.	मा. लिमा अधिकारी (आचार्य)	८	**<u>विधेयकको दफा ८ को उपदफा (१),</u>** - झिक्नुपर्ने। **<u>मूल ऐनको दफा ६क. को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:-** "(२) उपदफा (१) बमोजिम नियुक्त प्रशासकको कार्यावधि पाँच वर्षसम्मको हुनेछ र निजलाई नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्ने छ। तर नेपाल सरकारले यसरी पदमुक्त गर्दा पदमुक्त गर्ने आधार, कार्यसम्पादनको मूल्याङ्कन गर्ने मापदण्ड तथा पदमुक्त गर्ने प्रक्रिया स्पष्ट रूपमा तोकिनेछ। पदमुक्त गर्नुभन्दा अगि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेस गर्ने उचित अवसरबाट वञ्चित गरिने छैन।"
२०.	मा. प्रा. डा. पुष्पराज कडेल	८	**<u>मूल ऐनको दफा ६क. को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:-** "(२) उपदफा (१) बमोजिम नियुक्त प्रशासकको कार्यावधि चार वर्षको हुनेछ र निजले पदीय कर्तव्य पालनामा कमजोरी गरेको, कार्यसम्पादनमा असमर्थ रहेको वा नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहर भएको अवस्थामा बाहेक निजलाई कार्यावधि पूरा नहुँदै नेपाल सरकारले हटाउन सक्ने छैन।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
२१.	मा. नरेन्द्र कुमार केरुङ मा. शाहजान खातुन	८	<u>मूल ऐनको दफा ६क. को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) मा रहेका,</u> - "कार्यावधि चार वर्षको हुनेछ" भन्ने शब्दहरूका सट्टा "कार्यावधि पाच वर्षको हुनेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
२२.	मा. मनिष झा	८	<u>मूल ऐनको दफा ६क. को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) मा रहेका,</u> - "जुनसुकै बखत हटाउन सक्नेछ" भन्ने शब्दहरूका सट्टा "नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको, कर्तव्य पालनामा गम्भीर लापर्वाही वा आर्थिक अनियमितता गरेको प्रमाणित भएको वा लगातार तीन पटकसम्म बिना सूचना बैठकमा अनुपस्थित रहेको अवस्थामा मात्र, सफाइ पेस गर्ने मनासिब मौका दिई नेपाल सरकारले हटाउन सक्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
२३.	मा. नितिमा भण्डारी (कार्की)	८	<u>मूल ऐनको दफा ६क. को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u> "(२) उपदफा (१) बमोजिम नियुक्त प्रशासकको कार्यावधि चार वर्षको हुनेछ र निजले पदीय जिम्मेवारी पूरा नगरेमा, खराब आचरण गरेमा, कार्यक्षमताको अभाव भएमा वा प्रचलित कानुनबमोजिम पदमा बहाल रहन अयोग्य भएमा नेपाल सरकारले निजलाई पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनुअगि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।"
२४.	मा. गणेश कार्की	८	<u>मूल ऐनको दफा ६क. को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(२) उपदफा (१) बमोजिम नियुक्त प्रशासकको कार्यावधि चार वर्षको हुनेछ र निजलाई नेपाल सरकारले कारण खुलाई स्पष्टीकरणको अवसर प्रदान गरी जुनसुकै बखत हटाउन सक्नेछ।"
२५.	मा. गुरु प्रसाद बराल	८	**<u>मूल ऐनको दफा ६क. को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) मा रहेका,</u>** - "निजलाइ नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछ।" भन्ने शब्दहरूका सट्टा "अन्य कानुनी व्यवस्थाबाहेक सरकारले हटाउन पाउने छैन।" भन्ने शब्दहरू राख्नुपर्ने।
२६.	मा. क्रान्तिशिखा धिताल	८	**<u>मूल ऐनको दफा ६क. को उपदफा (२) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) मा रहेका,</u>** - "निजलाइ नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्ने छ।" भन्ने शब्दहरूका सट्टा देहायका शब्दहरू राख्नुपर्नेः- "प्रशासकलाई देहायको अवस्थामा मात्र पदबाट हटाउन सकिनेछः- (क) गम्भीर कर्तव्य उल्लङ्घन, (ख) भ्रष्टाचार/अनियमितता, (ग) कार्यसम्पादनमा गम्भीर असफलता, (घ) अयोग्यता कायम हुनु।"
२७.	मा. प्रा. डा. पुष्पराज कडेल	९	**<u>मूल ऐनको दफा ७ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u>** "(१) नेपाल सरकारले राष्ट्रिय नीति, कानुनी दायित्व वा सार्वजनिक हितसम्बन्धी विषयमा लिखित निर्देशन दिन सक्नेछ तर कुनै खास व्यक्ति वा संस्थालाई ऋण दिने, कुनै खास कम्पनी वा परियोजनामा

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			लगानी गर्ने वा नगर्ने, लगानीको मूल्य/समय निर्धारण गर्ने जस्ता व्यक्तिगत लगानी निर्णयमा प्रत्यक्ष निर्देशन दिन सक्ने छैन।"
२८.	मा. नरेन्द्र कुमार केरुङ मा. शाहजान खातुन	९	<u>**मूल ऐनको दफा ७ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ७ को उपदफा (१) मा रहेका,**</u> - "नेपाल सरकारले" भन्ने शब्दहरूपछि "आवश्यकताअनुसार समितिको रायसमेत बुझी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
२९.	मा. मनिष झा	९	<u>**मूल ऐनको दफा ७ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ७ को उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने**</u>:- "तर त्यस्तो निर्देशन सञ्चयकर्ताको हित, कोषको वित्तीय स्थायित्व र प्रचलित लगानी मापदण्ड प्रतिकूल हुने गरी दिन सकिने छैन। कुनै निश्चित लगानी उपकरण, क्षेत्र वा परियोजनामा लगानी गर्न वा नगर्न बाध्य पार्ने निर्देशन दिएमा सोको कारणसहित सार्वजनिक जानकारी गराउनु पर्नेछ।"
३०.	मा. कमल सुबेदी	९	<u>**मूल ऐनको दफा ७ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ७ को उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने**</u>:- "तर त्यस्तो निर्देशन कोषको सञ्चयकर्ता तथा योगदानकर्ताको हित, कोषको वित्तीय दिगोपन, लगानीको सुरक्षा तथा प्रचलित कानुनको प्रतिकूल हुने गरी दिन सकिने छैन।"
३१.	मा. क्रान्तिशिखा धिताल	९	<u>**मूल ऐनको दफा ७ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ७ को उपदफा (१) मा रहेका,**</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "समय समयमा आवश्यक निर्देशन" भन्ने शब्दहरूका सट्टा "राष्ट्रिय नीति तथा सार्वजनिक हितसँग सम्बन्धित विषयमा आवश्यक निर्देशन दिन सक्नेछ; तर त्यस्तो निर्देशनले कोषको स्वायत्त व्यावसायिक तथा लगानीसम्बन्धी निर्णयमा अनुचित हस्तक्षेप गर्ने छैन।" भन्ने शब्दहरू राख्नुपर्ने।
३२.	मा. प्रा. डा. पुष्पराज कडेल	१०	**<u>मूल ऐनको दफा १२ग. पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १२घ. को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्ने</u>:-** "(१क) उपदफा (१) बमोजिम अन्य कोषको सञ्चालन तथा व्यवस्थापन गर्दा प्रत्येक कोषको सम्पत्ति, दायित्व, आम्दानी, खर्च, लगानी र लेखा छुट्टाछुट्टै राख्नुपर्ने तथा एउटा कोषको रकम अर्को कोषको दायित्व पूरा गर्न प्रयोग गर्न पाइने छैन।" **<u>मूल ऐनको दफा १२ग. पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १२घ. को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:-** "(३) उपदफा (१) बमोजिम कोषले सञ्चालन तथा व्यवस्थापन गर्ने प्रत्येक कोषको लेखा एकअर्कासँग नमिसिने गरी छुट्टाछुट्टै (ring-fenced) राख्नु पर्नेछ र त्यस्तो कोषको लगानी व्यवस्थापनमा हुनसक्ने स्वार्थ बाझिने अवस्था (Conflict of Interest) रोकथामका लागि कोषले नीति बनाई लागु गर्नु पर्नेछ।"
३३.	मा. नरेन्द्र कुमार केरुङ मा. शाहजान खातुन	१०	**<u>मूल ऐनको दफा १२ग. पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १२घ. को उपदफा (२) मा रहेका,</u>** - "कोषले" भन्ने शब्दको सट्टा "कोषको सुझावमा नेपाल सरकारले" भन्ने शब्दहरू राख्नुपर्ने।
३४.	मा. मनिष झा	१०	**<u>मूल ऐनको दफा १२ग. पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १२घ. को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:-**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(३) उपदफा (१) बमोजिम अन्य कोषको सञ्चालन तथा व्यवस्थापन गर्दा त्यस्तो कोषको रकम, दायित्व र जोखिमलाई कर्मचारी सञ्चय कोषको आफ्नै सञ्चित रकमबाट पृथक लेखाङ्कन (separate accounting) गरी राख्नु पर्नेछ र एक कोषको दायित्व वा जोखिम अर्को कोषको रकमबाट बेहोर्न वा सार्न पाइने छैन।"
३५.	मा. गणेश कार्की	१०	**<u>मूल ऐनको दफा १२ग. पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १२घ. को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:-** "(३) यस दफा बमोजिम सञ्चालन गरिने प्रत्येक कोषको लेखा, सम्पत्ति, दायित्व तथा लेखापरीक्षण छुट्टाछुट्टै राख्नु पर्नेछ।"
३६.	मा. प्रा. डा. पुष्पराज कडेल	११	**<u>मूल ऐनको दफा १३ को उपदफा (२क) पछि देहायको उपदफा (२ख) थप गर्नुपर्ने</u>:-** "(२ख) कोषले प्रत्येक सञ्चयकर्तालाई आफ्नो खाताको अवस्था अनलाइन वा मोबाइल एप्लिकेसनमार्फत वास्तविक-कालीन रूपमा हेर्न पाउने व्यवस्था मिलाउनु पर्नेछ र सञ्चयकर्ताको उजुरी सुनुवाइका लागि छुट्टै स्वतन्त्र संयन्त्र स्थापना गर्नु पर्नेछ।"
३७.	मा. खडक बहादुर वुढा मा. रेखा कुमारी यादव	१२	**<u>मूल ऐनको दफा १४ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को सुरुमा,</u>** - "कम्तीमा दुई वर्षसम्म लगातार" भन्ने शब्दहरू थप गर्नुपर्ने।
३८.	मा. मनिष झा	१२	**<u>मूल ऐनको दफा १४ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:-** "(१) कम्तीमा पाँच वर्ष लगातार कोष कट्टी रकम जम्मा गरेको कर्मचारीले आफ्नो नाममा सञ्चित कुल रकमको समितिले तोकेको सीमासम्मको रकम निकासी (withdrawal) को रूपमा लिन

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			सक्नेछ र त्यसबाहेक थप आवश्यकता परेमा समितिबाट निर्धारण भए बमोजिम कोष कट्टी रकम सापटीको रूपमा समेत लिन सक्नेछ।"
३९.	मा. सुशील खड्का	१२	<u>मूल ऐनको दफा १४ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्नेः-</u> "(१) कम्तीमा एक वर्ष लगातार कोष कट्टी गरेको कर्मचारीले समितिबाट निर्धारण भएबमोजिम कोष कट्टी रकम सापटीको रूपमा झिक्न सक्नेछ।"
४०.	मा. नितिमा भण्डारी (कार्की)		
४१.	मा. गुरु प्रसाद बराल	१२	<u>मूल ऐनको दफा १४ को उपदफा (३) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) मा देहायका दब्दहरू थप गर्नुपर्नेः-</u> - "पेन्सनपट्टा भएका सेवानिवृत्त राष्ट्रसेवकहरूलाइ धितो राखी सहुलियत दरमा ऋण उपलब्ध गर्ने।"
४२.	मा. कमल सुबेदी	१२	<u>मूल ऐनको दफा १४ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> "तर सञ्चयकर्ताको नाममा सञ्चित रकमको न्यूनतम पचास प्रतिशत रकम कुनै पनि अवस्थामा सुरक्षित सञ्चित बचतका रूपमा कायम रहने गरी मात्र सापटी प्रदान गर्न सकिनेछ।"
४३.	मा. गुरु प्रसाद बराल	१३	<u>मूल ऐनको दफा १४क. को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्नुपर्नेः-</u> "आफ्नो खातामा जम्मा भएको रकम झिक्न वा कोषवाट पुनः सापटी लिन ६ महिना व्यतीत भैसकेको हुनु पर्नेछ।"
४४.	मा. कमल सुबेदी	१४	<u>मूल ऐनको दफा १५क. को उपदफा (३क) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "त्यस्तो रकममा तोकिएबमोजिम ब्याज प्रदान गरिरहनु पर्नेछ र सञ्चयकर्ताको हक कायम रहनेछ। कोषले सञ्चयकर्ता वा निजको हकवालाको पहिचान गरी रकम फिर्ता गर्ने सक्रिय व्यवस्था मिलाउनु पर्नेछ।"
४५.	मा. परशुराम तामाङ्ग	१५	<u>मूल ऐनको दफा १८ को खण्ड (झ) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (झ१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>ः- - "धितो लिलाम गर्न छुट्टै प्राधिकरण बनाई सरकारले तोकेबमोजिम हुनेछ।"
४६.	मा. खडक बहादुर वुढा मा. रेखा कुमारी यादव	१५	<u>विधेयकको उपदफा (१) को ठाउँ ठाउँमा रहेका,</u> - "गर्न सक्नेछ" भन्ने शब्दहरूका सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरू र "बिकी" भन्ने शब्दको सट्टा "बिक्री" भन्ने शब्द राख्नुपर्ने।
४७.	मा. मनिष झा	१५	<u>मूल ऐनको दफा १८ को खण्ड (झ) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (झ१) पछि देहायको खण्ड (झ२) थप गर्नुपर्ने</u>ः- "(झ२) खण्ड (झ) बमोजिम कोषले सकार गरेको सम्पत्तिको स्वतन्त्र मूल्याङ्कनकर्ता (independent valuer) बाट मूल्याङ्कन गराउनुपर्नेछ र त्यस्तो सम्पत्तिको विवरण, मूल्याङ्कन तथा पछि हुने बिक्री वा व्यवस्थापन सम्बन्धी कारबाही समितिको वार्षिक प्रतिवेदनमा अनिवार्य रूपमा सार्वजनिक गर्नु पर्नेछ।"
४८.	मा. गणेश कार्की	१५	<u>मूल ऐनको दफा १८ को खण्ड (झ) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (झ१) पछि देहायको खण्ड (झ२) थप गर्नुपर्ने</u>ः- "(झ२) कोषले सकार गरेको सम्पत्ति पाँच वर्षभित्र बिक्री वा अन्य उपयुक्त व्यवस्थापन गरिसक्नु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
४९.	मा. परशुराम तामाङ्ग	१६	<u>मूल ऐनको दफा १९ को खण्ड (झ) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (झ) मा रहेका,</u> - "वा कुनै संस्था स्थापना गरी" भन्ने शब्दहरू झिक्नुपर्ने। <u>मूल ऐनको दफा १९ को खण्ड (ञ) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ञ) मा रहेका,</u> - "आफैं वा अरू संस्थासँग मिली कम्पनीको संस्थापना वा कुनै संस्थाको स्थापना गरी" भन्ने शब्दहरू झिक्नुपर्ने। <u>मूल ऐनको दफा १९ को खण्ड (ट) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ट१) मा रहेका,</u> - "परियोजनामध्ये कोषले उपयुक्त ठहऱ्याएको परियोजनामा ऋण लगानी गरी त्यस्ता" भन्ने शब्दहरू झिक्नुपर्ने।
५०.	मा. लिमा अधिकारी (आचार्य)	१६	<u>मूल ऐनको दफा १९ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ञ१) पछि देहायको खण्ड (ञ२) थप गर्नुपर्ने</u>:- "(ञ२) धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सूचीकृत कम्पनीहरूको शेयर, डिबेञ्चर, बोण्ड लगायतको धितोपत्रमा प्राथमिक तथा दोस्रो बजारमा लगानी गर्ने,"
५१.	मा. प्रा. डा. पुष्पराज कडेल	१६	<u>मूल ऐनको दफा १९ को खण्ड (ज) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ज) को सुरुमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "सञ्चयकर्ताको हित, लगानीको सुरक्षा, पर्याप्त प्रतिफल, तरलता, विविधीकरण, जोखिम-प्रतिफल सन्तुलन तथा कोषको दायित्वसँग सम्पत्तिको मिलानलाई प्राथमिकता दिई"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा १९ को खण्ड (ञ) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ञ) मा रहेका,</u> - "कुनै संस्थाको स्थापना गरी" भन्ने शब्दहरूपछि "समितिले स्वीकृत गरेको लिखित लगानी नीति, जोखिम व्यवस्थापन प्रणाली र लगानी सीमाको अधीनमा रही" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>मूल ऐनको दफा १९ को खण्ड (ञ) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ञ१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "त्यस्तो लगानी स्वीकृत लगानी नीति, जोखिम सीमा, क्षेत्रगत तथा एकल लगानीको अधिकतम सीमा र सञ्चयकर्ताको हितविपरीत नहुने गरी मात्र गर्नु पर्नेछ।" **<u>मूल ऐनको दफा १९ को खण्ड (ट) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ट१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "आवास परियोजनामा ऋण लगानी तथा सञ्चयकर्तालाई सापटी प्रवाह गर्दा परियोजनाको वित्तीय सम्भाव्यता, धितोको पर्याप्तता, ऋणीको ऋण तिर्ने क्षमता, एकल परियोजना जोखिम र कोषको समग्र तरलता अवस्थाको मूल्याङ्कन अनिवार्य हुनुपर्ने।"
५२.	मा. खडक बहादुर वुढा मा. रेखा कुमारी यादव	१६	**<u>मूल ऐनको दफा १९ को खण्ड (ञ) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ञ१),</u>** - झिक्नुपर्ने।
५३.	मा. सुशील खड्का	१६	**<u>मूल ऐनको दफा १९ को खण्ड (छ) पछि देहायका खण्ड (छ१) र खण्ड (छ२) थप गर्नुपर्ने</u>:-** "(छ१) कोषले धितोपत्रसम्बन्धी प्रचलित कानुनको अधीनमा रही विभिन्न प्रकारको धितोपत्रमा लगानी र पुनर्लगानी गरी धितोपत्रको स्वामित्व ग्रहण गर्न र धितोपत्रको प्राथमिक बजार

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			तथा दोस्रो बजारमा लगानी गरी धितोपत्रहरू खरिद गर्ने तथा थोक विक्रेताको कार्य गर्न सक्नेछ, (छ२) कोषले पूँजी बजार विकासका लागि सहायक कम्पनी वा संस्था स्थापना गरी धितोपत्र व्यवसाय (मर्चेन्ट बैंकिङ) सम्बन्धी कार्य र सामूहिक लगानी योजना (म्युचुअल फण्ड) स्थापना र सञ्चालन गर्न सक्नेछ।" **<u>मूल ऐनको दफा १९ को खण्ड (न) पछि देहायको खण्ड (न१) थप गर्नुपर्ने</u>:-** "(न१) खण्ड (न) बमोजिम कर्मचारी वा स्वरोजगारमा संलग्न व्यक्तिलाई समितिले विनियममा निर्धारण गरेको अवधि, सर्त, ब्याजदर तथा सुरक्षणको अधीनमा रही दीर्घकालीन अवधिका लागि समेत सापटी दिन सक्ने,"
५४.	मा. नितिमा भण्डारी (कार्की)	१६	**<u>मूल ऐनको दफा १९ को खण्ड (ञ) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ञ१) को सट्टा देहायको खण्ड (ञ१) राख्नुपर्ने</u>:-** "(ञ१) धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त म्युचुअल फण्ड, प्राइभेट इक्विटी फण्ड र भेन्चर क्यापिटल फण्डका धितोपत्र एकाइमा कोषको दीर्घकालीन दायित्व, जोखिम वहन क्षमता, लगानी विविधीकरण तथा तोकिएको लगानी सीमाको अधीनमा रही लगानी गर्ने,"
५५.	मा. गणेश कार्की	१६	**<u>मूल ऐनको दफा १९ को खण्ड (ञ) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ञ१) पछि देहायका खण्ड (ञ२) र खण्ड (ञ३) थप गर्नुपर्ने</u>:-** "(ञ२) त्यस्ता फण्डमा लगानी गर्नुपूर्व आन्तरिक जोखिम मूल्याङ्कन गरिनु पर्नेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(ञ३) समितिले प्रत्येक आर्थिक वर्षमा कोषको लगानी जोखिम सम्बन्धी प्रतिवेदन स्वीकृत गरी प्रचलित कानुन तथा धितोपत्रसम्बन्धी नियामकीय व्यवस्थाको अधीनमा रही लगानीसम्बन्धी विवरण सार्वजनिक गर्नु पर्नेछ।"
५६.	मा. गुरु प्रसाद बराल	१६	**<u>मूल ऐनको दफा १९ को खण्ड (ज) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (ज) मा रहेका,</u>** - "ठूला पूर्वाधार निर्माणको क्षेत्रमा काम गर्ने कम्पनीको शेयरमा लगानी गर्न सक्ने" भन्ने शब्दहरू झिक्नुपर्ने।
५७.	मा. कमल सुबेदी	१६	**<u>मूल ऐनको दफा १९ मा देहायको खण्ड (ज१) थप गर्नुपर्ने</u>:-** "(ज१) कोषले आफ्नो कुल लगानीयोग्य रकमको कम्तीमा पच्चिस प्रतिशत रकम ऊर्जा, कृषि, पर्यटन, सूचना प्रविधि, उत्पादनमूलक उद्योग, निर्यात प्रवर्धन, पूर्वाधार तथा रोजगारी सिर्जना गर्ने उत्पादनशील क्षेत्रमा प्रतिफल, जोखिम र तरलताको आधारमा लगानी गर्न सक्नेछ।" **<u>मूल ऐनको दफा १९ मा देहायको खण्ड थप गर्नुपर्ने</u>:-** "(न१) वातावरणीय, सामाजिक तथा सुशासनसम्बन्धी मापदण्ड पूरा नगरेका, मानव अधिकार वा श्रम अधिकारको गम्भीर उल्लङ्घन गर्ने परियोजनामा कोषको लगानी गर्न पाइने छैन।"
५८.	मा. कमल सुबेदी	१७	**<u>मूल ऐनको दफा २९क. पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २९ख. को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नपर्ने</u>:-** "तर कोषको लगानी, ऋण, सापटी, सम्पत्ति बिक्री तथा सञ्चयकर्ताको रकमसम्बन्धी मूल नीतिगत निर्णय प्रत्यायोजन गर्न सकिने छैन।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
५९.	मा. कमल सुबेदी	१८	**<u>मूल ऐनको दफा ३०क. को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा ३०क. को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:-** "(३) यस ऐन अन्तर्गत बनाइने लगानी नीति, लगानी कार्यविधि, जोखिम व्यवस्थापन नीति, सञ्चयकर्ता हित संरक्षण नीति तथा कोषको वार्षिक वित्तीय प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।"

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ५९ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख